**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम वित्तीय कामकारोवार गर्न इजाजतपत्र प्राप्त**

**City Express Finance Company Ltd.**
**सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड**

केन्द्रीय कार्यालय दरवारमार्ग, घण्टाघर, काठमाडौं
फोन नं. ०१-४२४४०९९, ४२४४१९९
Email: info@cityexpressfinance.com.np
Website: www.cityexpressfinance.com.np

# 'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू'

हाल कायम चुक्ता पुजी रु.१५,००,००,०००/–को एकशेयर बराबर १.६७शेयर (१:१.६७) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १.६७ कित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु.२५,००,००,०००/–(पच्चिस करोड) बराबरको प्रति शेयर रु.१००/–अंकित दरका २५,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**प्रतिशेयर नेटवर्थ तथा प्रतिशेयर आम्दानी सम्बन्धि विवरण:**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| आय वर्ष | २०७१/ ०७२ | २०७२/ ०७३ | २०७३/ ०७४ | २०७४/ ०७५ | २०७५/ ०७६ | २०७६/ ०७७ |
| प्रति शेयर आम्दानी | ३.६६ | ७७.०६ | ११.६६ | १०.७७ | ६.३६ | ६.४३ |
| प्रति शेयर नेटवर्थ (रु.) | (१४२.५१) | (६५.४५) | (३७.१२) | २६.९८ | ७६.३९ | ८२.८२ |
| संचित नाफा/(नोक्सान) रु. हजारमा | (४१,९७,२७) | (३२,७२,५५) | (३१,३४,३३) | (२७,५०,०६) | (२३,५८,०४) | (१९,६९,४३) |

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा धितोपत्र सम्वन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**लगानीमा हुने जोखिम सम्बन्धि उद्घोषण :**

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडले गर्ने भएका काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण:**

यस कम्पनीले जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०७५/०२/०४ गते कमजोर आधारहरु (Poor Fundamentals) जनाउने "CARE-NP IPO Grade 5" ग्रेडिङ्ग प्रदान गरेको छ ।क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण यस विबरणको दफा (व) मा उल्लेख गरिएको

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृती भएको मिति : २०७५/३/२७**
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७५/५/१ गतेदेखि
हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७५/६/४ गतेसम्म (बैंकिङ्ग समय पश्चात)

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

**काठमाण्डौ क्यापिटल मार्केट लि.**
**Kathmandu Capital Market Ltd.**

काठमाण्डु प्लाजा (दोस्रो तल्ला) कमलादी, काठमाण्डौं ।
फोन नं.४१६८६३४ फ्याक्स नं.४१६८६३९
Email: kathmanducapitalmarket@kcml.com.np
URL :www.kcml.com.np

**(क)** **संगठित संस्थाको नाम** : सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड (City Express Finance Company Limited)

**(ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा. वडा नं.२८, दरवारमार्ग, घण्टाघर, काठमाण्डौमा रहेको छ ।

**(ग)** **कारोवार स्थान** : यस वित्तीय संस्थाले का.म.न.पा. वडा नं.२८, दरवारमार्ग, घण्टाघर, काठमाण्डौमा आफ्नो केन्द्रीय कार्यालय खोलि वित्तीय कारोबार गरिरहेको छ । यसका साथै यस वित्तीय संस्थाले उदयपुरको गाइघाट र झापाको विर्तामोडमा शाखा समेत खोली नेपाल भर वित्तीय कारोवार गर्दै आएको छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही थप शाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

**(घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य** :

**संक्षिप्त परिचय** :

नेपाल राष्ट्र बैंकबाट मिति २०६२/१२/०७ गते देखि बित्तीय कारोवार गर्ने इजाजत पत्र प्राप्त भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६२/१२/१० को पत्रबाट कारोबार गर्ने इजाजत लिई मिति २०६२/१२/११ गतेका दिनऔपचारिक उद्घाटन गरी सोही दिन देखि राष्ट्रिय स्तरको बित्तीय सँस्थाको रुपमा कारोबार शुभारम्भ गरेको साबिक कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड मिति २०६९/०९/२६ गते देखि नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा भएकोले बिगत ५ बर्ष देखि नियमित बैकिङ्ग कारोबार समेत अवरुद्द भएको सन्दर्भमा सँस्थालाई समस्याग्रस्त अवस्थाबाट मुक्त गरी नियमित संचालनको अवस्थामा फर्काउने उदेश्यले थप पूँजी लगानी सहित नयाँ लगानीकर्ताहरुको प्रबेश भए पश्चात नेपाल राष्ट्र बैंकको मिति २०७४ /०८/२४ को पत्रबाट समस्याग्रस्त अवस्थाबाट मुक्त भएको र कम्पनी रजिष्ट्रर कार्यालयको मिति २०७४/११/१५ को पत्रबाटसाबिक नाम परिबर्तको स्वीकृति भई हाल सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडको नामबाट नियमित बित्तीय कारोबार संचालन भई रहेको छ । यस राष्ट्रिय स्तरको फाइनान्स कम्पनीको नयाँ सँस्थापक तथा संचालकहरु बित्तीय क्षेत्र, व्यापार एवं व्यवस्थापनमा लामो समय देखि संलग्न अनुभवी व्यक्तिहरु रहनु भएको छ ।

**उद्देश्यहरु** :

यस वित्त वित्तीय संस्थाका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पु¥याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(ङ) **शेयर पूँजीको संरचना :**

**क)** **अधिकृत पूँजी :**वित्तीय संस्थाको अधिकृत पुँजी रु.१,००,००,००,००० (अक्षरेपी एक अरव रुपैयाँ) हुनेछ ।सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका १,००,००,०००(एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ख)** **जारी पूँजी**:वित्तीय संस्थाको जारी पुँजी रु.४०,००,००,००० (अक्षरेपी चालिस करोड मात्र)हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ४०,००,०००(चालिस लाख ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ग)** **चुक्ता पूँजी:** वित्तीय संस्थाको हालको चुक्ता पूँजी रु. १५,००,००,०००/–(पन्ध्र करोड मात्र) रहेकोछ ।यस विवरण पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.४०,००,००,०००।– (अक्षरेपी चालिस करोड मात्र) हुनेछ ।

(च) **हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

**हकप्रद शेयर निष्काशन पूर्व लघु वित्त वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना:**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | ८,२५,००० | ८,२५,००,०००।– | ५५% | १००% |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ६,७५,००० | ६,७५,००,०००।– | ४५% | १००% |
| **जम्मा** | **१५,००,०००** | **१५,००,००,०००।–** | **१००%** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफााट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पाजीको संरचना:**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | २२,००,००० | २२,००,००,०००।– | ५५% | १००% |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १८,००,००० | १८,००,००,०००।– | ४५% | १००% |
| **जम्मा** | **४०,००,०००** | **४०,००,००,०००/–** | **१००%** | |

(छ) **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र. सं. | शेयरधनीको नाम | समूह | ठेगाना | शेयर कित्ता | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | डोलराज शर्मा | क | लाजिम्पाट, ३ काठमाण्डौं | १४,००० | १,४०,०००० | शत प्रतिशत |
| २ | कृष्णराज पौडेल | क | लाजिम्पाट, ३ काठमाण्डौं | १८२,५०० | १८,२५०,००० | शत प्रतिशत |
| ३ | महेश कुमार श्रेष्ठ | क | का जि.का.म.न.पा. १३ | १६८,३९० | १६,८३९,००० | शत प्रतिशत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | हेम बहादुर गुरुङ्ग | क | पोखरा कास्की १ | १३४,५२० | १३,४५२,००० | शत प्रतिशत |
| ५ | सुनिल पाणि गौतम | क | का जि.का.म.न.पा. २ | ३०,००० | ३,०००,००० | शत प्रतिशत |
| ६ | नारायण शर्मा कोइराला | क | का.जि का.म.न.पा. ७ | ७५,३९० | ७,५३९,००० | शत प्रतिशत |
| ७ | बिनित मणि उपाध्याय | क | का.म.न.पा. १० | ६,००० | ६००,००० | शत प्रतिशत |
| ८ | रबिन्द्र बहादुर बुढाथोकी | क | का.जि का.म.न.पा. ३१ | ८२,५०० | ८,२५०,००० | शत प्रतिशत |
| ९ | सरला शर्मा | क | का जि.का.म.न.पा. ९ | ३,००० | ३००,००० | शत प्रतिशत |
| १० | अभय घिमिरे | क | का.म.न.पा. १६ | ३,००० | ३००,००० | शत प्रतिशत |
| ११ | सुप्रभा अमात्य | क | ल.पु.उप.म.न.पा. | ३,००० | ३००,००० | शत प्रतिशत |
| १२ | बाल कुमार पाण्डे | क | का जि.का.म.न.पा. ९ | ३,००० | ३००,००० | शत प्रतिशत |
| १३ | रंजित कोइराला | क | का.जि का.म.न.पा. ७ | ६,००० | ६००,००० | शत प्रतिशत |
| १४ | हुमनाथ कोइराला | क | का.जि का.म.न.पा. ५ | ६०,००० | ६,०००,००० | शत प्रतिशत |
| १५ | सुरेन्द्र प्रसाद मैनाली | क | का.जि का.म.न.पा. ३१ | २०,००० | २,०००,००० | शत प्रतिशत |
| १६ | अजेश कोइराला | क | का.जि का.म.न.पा. १५ | ४,००० | ४००,००० | शत प्रतिशत |
| १७ | अमृत कुमार पन्थी | क | का.जि का.म.न.पा. १४ | १,००० | १००,००० | शत प्रतिशत |
| १८ | खुमराज पुन्जाली | क | अर्घाखाँची हंसपुर ७ | ३,००० | ३००,००० | शत प्रतिशत |
| १९ | ऋषि राम पौडेल | क | बालिङ्ग- ४, स्याङ्गजा | ३,००० | ३००,००० | शत प्रतिशत |
| २० | नारायण बहादुर बस्नेत | क | वागी - ८, अर्घाखाँची | १,००० | १००,००० | शत प्रतिशत |
| २१ | सागर खनाल | क | अर्घाखाँची - ४ | १,००० | १००,००० | शत प्रतिशत |
| २२ | समुन्द्र श्रेष्ठ | क | बाग्लुङ्ग- ४ | २,००० | २००,००० | शत प्रतिशत |
| २३ | निरन्जन टण्डन | क | दरबार देविस्थान-८, गुल्मी | २,५०० | २५०,००० | शत प्रतिशत |
| २४ | बन्दना श्रेष्ठ | क | देविस्थान- ४, पर्वत | ६,००० | ६००,००० | शत प्रतिशत |
| २५ | सिमान्त पाठक | क | माडी - ८, चितवन | ४,००० | ४००,००० | शत प्रतिशत |
| २६ | भोजराज भुषाल | क | किमडाँडा - ७, अर्घाखाँची | २,००० | २००,००० | शत प्रतिशत |
| २७ | सुनिता श्रेष्ठ | क | रामेछाप - ५ | १,००० | १००,००० | शत प्रतिशत |
| २८ | यम कुमार श्रेष्ठ | क | बल्कोट - ५, अर्घाखाँची | १,५०० | १५०,००० | शत प्रतिशत |
| २९ | अन्जु रेग्मी अर्याल | क | अर्जुन चौपारी- १, स्याङ्गजा | १,७०० | १७०,००० | शत प्रतिशत |
| ३० | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ख | | ६,७५,००० | ६,७५,००,००० | शत प्रतिशत |
| | **जम्मा** | | | **१५,००,०००** | **१५,००,००,०००** | |

**संस्थागत सस्थापकहरुको संचालकहरुको नाम तथा ठेगानाका साथै कम्पनी/संस्थाको संक्षिप्त परिचय : नभएको ।**

(ज) **निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

वित्तीय संस्थाले शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि गर्ने शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयर को १:१.६७ (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.६७ कित्ता शेयरको दरले) अनुपातमा हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी रु.२५,००,००,०००/–शेयर पूँजी बराबर प्रति शेयर रु. १००।–अंकित दरका २५,००,००० कित्ता सम्मको हकप्रद शेयर निष्काशन गरिएको छ ।

(झ) **धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति:**

**साधारण सभाले गरेको निर्णय :**

नेपाल राष्ट्र बैंकको निर्देशन तथा १२ औं बार्षिक साधारण सभाले पारित गरेबमोजिम पूँजी बृद्धि गर्नु पर्ने भएको हुँदा हाल कायम चुक्ता पूँजी रु.१५ करोडबाट बृद्धि गरी रु. ४० करोड पुऱ्याउने प्रयोजनको लागि १:१.६७को अनुपातमाअर्थात रु.१००।- अंकित दरका २५ लाख कित्ता सम्म हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गरियो ।

**साधारण सभा सम्पन्न भएको मिति:**२०७५/०१/३१ गते

(ञ) **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव**

**सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवसम्बन्धी विवरण:स**

| शशश | सञ्चालकको नाम | पद | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री चन्द्र टण्डन (सर्वसाधारण समुह) | अध्यक्ष | का.म.न.पा १४ | स्नातकोत्तर | २०६४साल अथात ११ बष देखि सिटि एक्सप्रेस मनि ट्रान्सफरका मेनेजिङ्ग डाइरेक्टर,नेपाल विद्युत प्राधिकरणमा २०७२ साल् देखि हाल सम्म संचालक, सिटीजन बैंक इनटरनेशनल लि.मा मिति २०७२ साल देखि २०७४ श्रावण सम्म सञ्चालक, रिलायवल फाइनान्स लि.मा मिति २०६६ साल देखि २०७० सम्म सञ्चालक, आइएमई फाइनान्स लि.मा मिति २०६३ साल देखि २०६४ सम्म सञ्चालक, |
| २. | श्री रबिन्द्र बहादुर बुढाथोकी (संस्थापक समुह) | सञ्चालक | का.म.न.पा ३१ | स्नातक | नेशनल हस्पिटलमा मिति २०५४ देखि २०५८ सम्म प्रबन्धक ४ वर्ष, काठमाण्डौं मेडिकल कलेज प्रा.लिमा मिति २०५८ देखि २०६१सम्मप्रबन्धक ४ वर्ष, बि.बि इन्टरप्राइजेजमामिति २०६१ देखि हाल सम्म प्रबन्धक निर्देशक |
| ३. | श्री संदिप शर्मा (सर्वसाधारण समुह) | सञ्चालक | का.म.न.पा.२ | स्नातकोत्तर | २०७३ देखि हाल सम्म ज्ञान सिन्धु एकेडेमीका कार्यकारी निर्देशक |
| ४. | श्री ऋषि राम पौडेल (संस्थापक समुह) | सञ्चालक | बालिङ्ग- ४, स्याङ्गजा | स्नातक/चार्टर्ड एकाउन्टेन्ट | सिटिजेन्स बैंक इन्टरनेश्नल लि.मा आन्तिरीक लेखा अधिकृत भई २०७० बैशाख देखि २०७१ फागुण सम्म कार्यरत र सिटि एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि.का प्रमुख वित्तिय अधिकृत २०७१ देखि हाल सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | श्री अंजेश कोइराला (संस्थापक समुह) | सञ्चालक | का.म.न.पा १५ | स्नातक | २०६९ कार्तिक देखि २०७३ सम्म ४ वर्ष ग्लोबल आइ.एम.इ बैंक लिमिटेडमा विप्रेशण प्रमुखका रुपममा कार्यरत, २०७३ कार्तिक देखि हाल सम्म सिटि एक्सप्रेस मनि ट्रान्सफरका महाप्रबन्धक |
| ६ | श्रीमति प्रभा पाण्डे (स्वतन्त्र) | स्वतन्त्र सञ्चालक | बुढानिलकण्ठ- ७ हेपाली | स्नातकोत्तर | नेपाल सरकारको अधिकृत देखि उपसचिव सम्मको पदमा रही २५ वर्ष कार्य गरेको र हाल जिल्ला विकास समितिका स्थानीय बिकास अधिकारी ( अवकाश प्राप्त) |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः**

**नाम** : श्री भिष्म राज चालिसे
: प्रमुख कार्यकारी अधिकृत
**ठेगाना** : लालबन्दिनगरपालिका-१, नवलपुर, सर्लाही ।
हाल : का.म.न.पा.७,मैत्रीमार्ग,चावहिल,काठमाण्डौ ।
**योग्यता** : स्नातकोत्तर ।
**अनुभव : २२ बर्ष देखि विभिन्न वित्तीय संस्थाहरुमा विभिन्न पदमा रही तपशिल बमोजिम कार्य गरेको**

| सि.नं | संस्थाको नाम | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | एस डेभलपमेण्ट बैंक लिमिटेड | सहायक महाप्रबन्धक | २०५२/०४/०१ | २०६४/०७/१६ |
| २ | काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड | प्रमुख संचालन अधिकृत | २०६४/०७/१५ | २०६५/०९/३० |
| ३ | सिभिल क्यापिटल मार्केट लिमिटेड | प्रमुख कार्यकारी अधिकृत | २०६५/१०/०१ | २०७३/०१/३० |
| ४ | काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड | प्रमुख कार्यकारी अधिकृत | २०७३/०२/०१ | २०७४/०९/३० |
| ५ | सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड | प्रमुख कार्यकारी अधिकृत | २०७४/१०/०१ | हाल सम्म |

(ट) **सञ्चालक समितिको बनौट :**

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार कम्तीमा १ जना महिला सहित ६ जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनित सञ्चालकहरु | ३ जना |
| "ख" समूहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **६ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

(ठ) **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

कुनै शेयरधनीले आफुले हकप्रद शेयर खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि पनि दरखास्त दिन पाइने छ । यसरी कम शेयरका लागि दरखास्त दिएमा सोहि बमोजिम नै गणना कायम गरिनेछ ।दरखास्त साथ प्रति शेयर रु. १००/- का दरले आवेदन गर्ने शेयर संख्यालाई गुणछन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा

सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

(ड) **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बांकी रहन गएको खण्डमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा विक्री गरिने छ । यसरी बिक्रि गर्दा शेयर खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

(ढ) **हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयरको अनुपातभन्दा वढी शेयर खरिद गर्न पाइने छैन । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरी आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरी शेयर आवेदन दिन पाइने छैन ।यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा विक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति दिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद बाँडफाँट गरिनेछ ।

(ण) **संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ सम्बन्धी विवरण :**

**वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वासलात**

**रू.हजारमा**

| विवरणहरु | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७२ अषाढ मसान्त | २०७३ आषाढ मसान्त | २०७४ आषाढ मसान्त | २०७४ चैत्र मसान्त | आ.ब. २०७४/७५ | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ |
| **पूँजी तथा दायित्व** | | | | | | | |
| १. शेयर पूँजी | १७५,२२५ | १७५,२२५ | २००,२२५ | २८०,२२५ | २८०,२२५ | ८००,००० | ८००,००० |
| २. जगेडा तथा कोषहरु | (३८९,८७३) | (२७३,४००) | (२५५,९०३) | (२२३,४१२) | (२३९,७५१) | (१८८,८८९) | (१३७,४६४) |
| ३. ऋणपत्र तथा वण्ड | ० | ० | ० | ० | ० | ० | ० |
| ४. तिर्न वाँकी कर्जा तथा सापट | ० | ० | ० | ० | ० | ० | ० |
| ५. निक्षेप दायित्व | २८४७९१ | २०५,६०८ | १९,४६६ | ३२,९८३ | ५४,२५० | ४६१,००० | ६८९,५०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | ० | ० | ० | ० | ० | ० | ० |
| ७.प्रस्तावित नगद लाभाँश | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. आयकर दायित्व | ० | ० | ० | ० | ६,९२२ | २१,७९८ | २२,०३९ |
| ९. अन्य दायित्व | २७३९९ | ३३,२६६ | १३६,५१६ | ३७,५०१ | ५२,५०१ | ७३,५०२ | ८४,५२७ |
| **कुल पूँजी तथा दायित्व** | **९७,५४२** | **१४०,६९९** | **१००,३०४** | **१२७,२९७** | **१५४,१४७** | **१,१६७,४१२** | **१,४५८,६०२** |
| **सम्पत्ती** | | | | | | | |
| १. नगद मौज्दात | ५,३२९ | ६,७०४ | ३,४५८ | २२८ | ३,२६९ | ५,८७६ | १४,२३० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १ | १ | ५१ | २,६७६ | ४,०१४ | ३४,५७५ | ४८,२६५ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ० | ० | ५७,०१० | ३,५०६ | ४,०३१ | ७,६६० | ८,८०९ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४६,२३३ | ११५,७०७ | २६,१०३ | ९२,३४७ | ९६,९६४ | २४२,४११ | २७८,७७३ |
| ५. लगानी | ० | ० | ० | ० | ० | ४९,००० | ८८,२०० |
| ६. कर्जा सापट | २४,८९७ | ० | ० | ० | ० | ७१७,७५० | ८९०,५८३ |
| ७. स्थिर सम्पत्ति | ९,२३४ | ६,१२८ | २,९६६ | १०,८७६ | २६,३९० | ३६,८०७ | ३७,०७९ |
| ८. गैर वैंकिङ्ग सम्पत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| ९. अन्य सम्पत्तिहरु | ११,८४८ | १२,१५९ | १०,७१६ | १७,६६५ | १९,४७९ | ७३,३३३ | ९२,६६४ |
| **कुल सम्पत्ति** | **९७,५४२** | **१४०,६९९** | **१००,३०४** | **१२७,२९७** | **१५४,१४७** | **१,१६७,४१२** | **१,४५८,६०२** |

## वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

**रु. हजारमा**

| **विवरणहरु** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित*** | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.ब. २०७१/७२** | **आ.ब. २०७२/७३** | **आ.ब. २०७३/७४** | **२०७४ चैत्र मसान्त** | **आ.ब. २०७४/७५** | **आ.ब. २०७५/७६** | **आ.ब. २०७६/७७** |
| ब्याज आम्दानी | १०,९१५ | २१,६३० | २,०४१ | ४,११० | ५,६७१ | ६७,२८४ | १५३,४०५ |
| ब्याज खर्च | ६,०५१ | १,३१५ | ४०,३५४ | ८,६६१ | ८,८९१ | २९,६३९ | ६९,०३० |
| **खूद ब्याज आम्दानी** | ४,८६४ | २०,३१५ | (३८,३१३) | (४,५५१) | (३,२२०) | ३७,६४५ | ८४,३७५ |
| कमिशन तथा अन्य संचालन आम्दानी | ० | ० | ० | १ | ५० | ७०० | १,०५० |
| अन्य संचालन आम्दानी | २८६ | ३७० | १,५२१ | १०८ | १४६ | ८,८०० | १०,६४५ |
| सटही घटबढ् आम्दानी | ० | ० | ० | ० | ० | ० | ० |
| **कूल सञ्चालन आम्दानी** | **५,१५०** | **२०,६८५** | **(३६,७९२)** | **(४,४४१)** | **(३०२४)** | **४७,१४५** | **९६,०७०** |
| कर्मचारी खर्च | ४,६४७ | ३,४७९ | ४,१२४ | ४,७८९ | ८,२०४ | १३,११६ | १६,७४२ |
| अन्य संचालन खर्च | ९,७७४ | ८,७९८ | ११,९४२ | ७,४६७ | १५,८२९ | २३,७२६ | २६,९०४ |
| सटही घटबढ् नोक्सान | ० | ० | ० | ० | ० | ० | ० |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | (९,२७१) | ८,४०८ | (५२,८५८) | (१६,६९७) | (२७,०५६) | १०,३०३ | ५२,४२४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सम्भावित नोक्सानी ब्यबस्थाहरु | १३,८०१ | ९८,५९२ | २९,६२६ | ० | ० | ० | २,९१८ |
| **सञ्चालन मूनाफा** | (२३,०७२) | (९०,१८४) | (८२,४८४) | (१६,६९७) | (२७,०५६) | १०,३०३ | ४९,५०६ |
| गैर सञ्चालन आम्दानी / नोक्सान | (४२) | (११९) | १३२ | २,८९० | २,८९० | ४,४५३ | ४,९५३ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २८,६०५ | २०६,२६७ | ९९,८४९ | ४९,५४७ | ४९,५४८ | ६५,१७२ | २६,३५१ |
| **नियमित कारोवार बाट भएको मुनाफा** | **५,४९१** | **११५,९६४** | **१७,४९७** | **३५,७४०** | **२५,३८१** | **७९,९२७** | **८०,८१०** |
| असामान्य कारोवारहरु बाट भएको नाफा/खर्च | ० | (३७४) | ० | ० | ० | ० | ० |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **५,४९१** | **११५,५९०** | **१७,४९७** | **३५,७४०** | **२५,३८१** | **७९,९२७** | **८०,८१०** |
| कर्मचारी बोनस ब्यबस्था | ० | ० | ० | ३,२४९ | २,३०७ | ७,२६६ | ७,३४६ |
| आयकर ब्यबस्था | ० | ० | ० | ० | ६,९२२ | २१,७९८ | २२,०३९ |
| **खूद नाफा/नोक्सान** | **५,४९१** | **११५,५९०** | **१७,४९७** | **३२,४९०** | **१६,१५१** | **५०,८६३** | **५१,४२४** |
| **प्रति शेयर आम्दानी (रु)** | **३।६६** | **७७।०६** | **११।६६** | **२१।६६** | **१०।७७** | **६।३६** | **६।४३** |

*बार्षिकिकरण गरीएको ।

## अनुमानित वित्तीय विवरणहरु तयार गर्दाका आधारहरुः

| **विवरण** | **आ.ब. २०७४/७५** | **आ.ब. २०७५/७६** | **आ.ब. २०७६/७७** |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १७८.७०% | ७४९.७७% | ४९.५७% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | -२२.३३% | १४७३.६५% | २४.२४% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ४८.६४% | ६७.६२% | ६६.६२% |
| ४. कुल आयमा औषत बृद्धिदर | ६४.७४% | १२०८.६३% | ११५.०२% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | -६१.६४% | १०१.९२% | ७३.८७% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ४०९.५९% | ४७.९८% | २६.४४% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | -७.६९% | २१४.९१% | १.१०% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | १४.००% | १४.००% | १४.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १२.३१% | १५.२५% | १६.००% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११.निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १००.००% | ०.००% | ०.४४% |
| १२ लगानी मा प्रतिफल | ० | ५.०० | ५.५० |
| १३.अन्य संचालन खर्चका बृद्धिदर | ३२.५५% | ४९.८९% | १३.३९% |
| १४.कर्मचारी खर्चमा बृद्धिदर | ९८.९५% | ५९.८८% | २७.६४% |
| % of Provision on Total Gross Loan | १००.००% | १.००% | १.१३% |
| CRR | ७.४०% | ७.५०% | ७.००% |
| SLR | २३.१७% | ११.६०% | ११.४९% |

**नोट :** प्रक्षेपित वित्तिय विवरणहरुमा अस्वाभाविक वृद्धि हुनुको मुख्य कारण यो वित्तिय संस्था विगत ५/६ वर्षसम्म समस्याग्रस्त अवस्थामा रहेको र सोहि बमोजिम कर्जा असुली निक्षेप फिर्ता मात्र गरेकोले प्रक्षेपण गर्दा बाँकी रहेको रकमलाई आधार मानि वित्तिय विवरण तयार गरेको हुँदा केही शिर्षकहरुमा अस्वाभाविक वृद्धि भएको ।

**वित्तीय संस्थाको वित्तीय व्यवस्था र सबै दायित्व सारिसके पछि बाकी हुने खुद सम्पत्ति (नेटवर्थ)**

**रू. हजारमा**

| **विवरणहरु** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित*** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७२ अषाढ मसान्त | २०७३ आषाढ मसान्त | २०७४ आषाढ मसान्त | २०७४ चैत्र मसान्त | आ.ब. २०७४/७५ | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ |
| चुक्ता पूँजी | १५०,००० | १५०,००० | १५०,००० | १५०,००० | १५०,००० | ८००,००० | ८००,००० |
| क्ल इन एडभान्स | २५,२२५ | २५,२२५ | ५०,२२५ | १३०,२२५ | १३०,२२५ | ० | ० |
| जगेडा तथा कोषहरु | (३८८,९९०) | (२७३,४००) | (२५५,९०३) | (२२३,४१२) | (२३९,७९१) | (१८८,८८९) | (१३७,४६४) |
| प्रस्तावित बोनश शेयर | ० | ० | ० | ० | ० | ० | ० |
| प्रस्तावित लाँभाश | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **(२१३,७६५)** | **(९८,१७५)** | **(५५,६७८)** | **५६,८१३** | **४०,४७४** | **६११,१११** | **६६२,५३६** |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्चहरु | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा खुद सम्पत्ती (Total Networth)** | **(२१३,७६५)** | **(९८,१७५)** | **(५५,६७८)** | **५६,८१३** | **४०,४७४** | **६११,१११** | **६६२,५३६** |
| शेयर संख्या ( हजारमा) | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० | ८,००० | ८,००० |
| प्रतिशेयर खुद सम्पत्ती | (१४२।५१) | (६५।४५) | (३७।१२) | ३७।८८ | २६।९८ | ७६।३९ | ८२।८२ |
| नेटवर्थमा औसत प्रतिफल% | (२।५७) | (११७।७४) | (३१।४३) | ५७।१९ | ३९।९१ | ८।३२ | ७।७६ |
| प्रतिशेयर चुक्ता पुँजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| निष्कासन पुर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल प्रतिशतमा | | | | | | | २४/०१ |

*प्रक्षेपित वित्तीय विवरण वित्तीय संस्थाआफैले तयार पारेको र सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा संस्थाका लेखापरीक्षक श्री.पिएलआरजी एशोसियट्स, चार्टर्ड एकाउन्टेनट्स का चार्टर्ड एकाउन्टेन्ट श्री संतोष लम्सालज्यू रहनु भएको छ ।

(त) **(क) संगठित संस्थाको पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात र नाफा ( नोक्सान हिसावको विवरण :**

**२०७४ आषाढ मसान्तको वासलात**

| **पूँजी तथा दायित्व** | **रकम (रु. हजारमा)** |
|---|---|
| १. शेयर पूँजी | २००,२२५ |
| २. जगेडा तथा कोषहरु | (२५५,९०३) |
| ३. ऋणपत्र तथा बन्ड | ० |
| ४. तिर्न बाँकी कर्जा सापट | ० |
| ५. निक्षेप दायित्व | १९,४६६ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | ० |
| ७. प्रस्तावित नगद लाभांश | ० |
| ८. आयकर दायित्व | ० |
| ९. अन्य दायित्व | १३६,५१६ |

| कुल पूँजी तथा दायित्व | १००,३०४ |
|---|---|
| **सम्पत्ति** | |
| १. नगद मौज्दात (सिक्का समेत) | ३,४५८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५१ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ५७,०१० |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २६,१०३ |
| ५. लगानी | ० |
| ६. कर्जा सापट | ० |
| ७. स्थिर सम्पत्ति | २,९६६ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ० |
| ९. अन्य सम्पत्तिहरु | १०,७१६ |
| **कुल सम्पत्ति** | **१००,३०४** |

**२०७३श्रावण १ गते देखि २०७४ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १. ब्याज आम्दानी | २,०४१ |
| २. ब्याज खर्च | ४०,३५४ |
| **खुद ब्याज आम्दानी** | **(३८,३१३)** |
| ३. कमिशन तथा डिस्काउण्ट | ० |
| ४. अन्य सञ्चालन आम्दानी | १,५२१ |
| ५. सटही घटबढ आम्दानी | ० |
| **कुल सञ्चालन आम्दानी** | **(३६,७९२)** |
| ६. कर्मचारी खर्च | ४,१२४ |
| ७. अन्य सञ्चालन खर्च | ११,९४२ |
| ८. सटही घटबढ नोक्सान | ० |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **(५२,८५८)** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २९,६२६ |
| **सञ्चालन मुनाफा** | **(८२,४८४)** |
| १०. गैर सञ्चालन आम्दानी / (खर्च) | १३२ |
| ११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | ९९,८४९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१७,४९७** |
| १२. असामान्य कारोवारहरुबाट भएको आम्दानी / (खर्च) | ० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१७,४९७** |
| १३. कर्मचारी बोनस व्यवस्था | ० |
| १४. आयकर व्यवस्था | ० |
| यस वर्षको कर व्यवस्था | |
| गत वर्ष सम्मको कर व्यवस्था | |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | |
| **खुद नाफा / (नोक्सान)** | **१७,४९७** |

**आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान बाँडफाँट हिसाव**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत बर्षसम्मको सञ्चित मुनाफा | |
| २. यस बर्षको मुनाफा | १७,४९७ |
| ३. सटही घटबढ कोष | |
| **जम्मा** | **१७,४९७** |
| **खर्च** | |
| १. गत बर्षसम्मको सञ्चित नोक्सान | ३२७,२५५ |
| २. यस बर्षको नोक्सान | |
| ३. साधारण जगेडा कोष | ३,४९९ |
| ४. भैपरी आउने जगेडा | |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | |
| ८. प्रस्तावित लाभांश | |
| ९. प्रस्तावित बोनस शेयर | |
| १०. विशेष जगेडा कोष | |
| ११. सटही घटबढ कोष | |
| १२. पूँजी फिर्ता जगेडा कोष | |
| १३. पूँजी समायोजन कोष | |
| १४. स्थगन कर कोष | |
| १५. संस्थागत सामाजिक उत्तरदायित्व कोष | १७५ |
| **जम्मा** | ३३०,९३० |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (३१३,४३३) |

(ख) **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

**धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्वन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्काशन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

(थ) **संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँबैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।

ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीतिबाट हुनसक्ने जोखिमहरु ।

च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।

छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।

ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

ञ) अन्य अप्रत्याशित घटनाबाट सृजना हुनसक्ने जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यबस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौ ।

(द) **धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था :**

संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको शेयर विक्रि बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको नियमावलीले तोके बमोजिम ३० दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेको शेयरधनीहरुलाई हकप्रद शेयर वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ । हितग्राही खाता उल्लेख गर्ने शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा हितग्राही खातामा नै जम्मा गरिने व्यवस्था गरिनेछ । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागी मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका

शेयरहरुको सम्वन्धमा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम गरिने छ । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न वित्तीय संस्था बाध्य हुनेछैन ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय दरवारमार्ग,घण्टाघर, का.म.न.पा वडा नं. २८, काठमाण्डौ जिल्ला स्थित केन्द्रीय कार्यालय तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धककाठमाण्डौ क्यापिटल मार्केट.लिमिटेडकमलादी,काठमाण्डौ प्लाजा,काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखि वित्तीय संस्थाको प्रवन्धपत्र, नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईनेछ ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूति नगरिएको ।

**(प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा बिवरणहरु मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको वितरण सम्बन्धित हितग्राहिको खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रिको व्यवस्था मिलाइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण:**

वित्तीय संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**(ब) धितोपत्र खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागी हकप्रद निष्कासन पुर्व यस वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वर वा DMAT खाता नम्वर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली वित्तीय संस्थाले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(२) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ ।

३) आवेदकको नाम अंग्रेजी तथा नेपाली दुबै भाषामा र आवेदन फारमा खुलाउनु पर्नेअन्य विवरण पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A\C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

५) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

५) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।

७) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

८) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।

९) हकप्रद शेयरको वितरण सम्बन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा जम्मा हुने गरि वितरण गरिने हुँदा हकप्रद आवेदन फारममा उल्लेख गरिएको हितग्राही खातामा रहेको विवरण तथा आवदेन फारममा भएको विवरण मिलान हुनुपर्ने छ ।

१०) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरको आवेदन दिँदा हितग्राही खाता (DEMAT) हुनेहरुको हकमा धितोपत्रहरु अभौतिक रुपमा सोझै हितग्राही खातामा जम्मा हुने गरी वितरण गरीने हुदाँ आफ्नो हितग्रही खाता (DEMAT Account) आवेदन फारममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु,**

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले हकप्रदशेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्ने भएमा प्रचलित कानून, विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकिकृत निर्देशनको अधिनमा रहि आफ्नोसम्पूर्णवा आंशिक हक कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न प्रयोग गर्न सक्नेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिवा संस्थालाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका व्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिवा संस्थालाई हस्तान्तरण गर्न सकिनेछ । आफ्नो हक अन्य ब्यक्ति वा संस्थालाई हस्तान्तरण गर्दा यस वित्तीय संस्थाको रजिष्टर्ड(केन्द्रीय) कार्यालय का.म.न.पा. वडा नं. २८, दरवारमार्ग, घण्टाघर काठमाण्डौंबाट गर्न सकिनेछ ।

**हक हस्तान्तरण गर्दा निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।**

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।

ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्नेछ ।

ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।

घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।

ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिर्वतन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।

च) प्रस्तावित संस्थापक सेयरधनी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।

छ) प्रस्तावित संस्थापक सेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।

झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

नोटः चुक्ता पूंजीको १ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीहरुको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने र १ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने छ ।

(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण ⁄ अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्ने:

क) वित्तीय संस्थाको आ.व.२०७३⁄७४ को वित्तीय विवरणहरुको लेखापरीक्षण **श्री पि एल आर जी एसोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्)** का **सिए.श्री सन्तोष लम्सालले** गर्नुभएको छ र सो आ.व. को लेखापरीक्षकको प्रतिवेदन अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

ख) वित्तीय संस्थाको कम्पनी सचिवमा भक्तपुर जिल्ला मध्यपुर ठीमि न.पा.वडा नं. २ ,निवासी तथा नायवप्रमुख कार्यकारी अधिकृतश्रीगोपाल घिमिरे कार्यरतहुनुहुन्छ ।

ग) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा वित्तीय संस्था आफैले तयार गरेको हो । र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा श्रीआर.के.एस.एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेनट्स का चार्टर्ड एकाउन्टेन्ट श्री राजेश कुमार साहहुनुहुन्छ ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक-**काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड,** काठमाण्डौ प्लाजा, कमलादी, काठमाडौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी **काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड,**काठमाण्डौ प्लाजा,कमलादी, काठमाडौं रहेकोछ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यस वित्तीय संस्थाले पेश गरेको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप बाह्रौ वार्षिक साधारण सभाबाट भएको निणर्यअनुरुप १:१.६७ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी संकलन गर्न ।

ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पुँजी सङ्कलन गर्न ।

ग)	वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न ।

घ)	वित्तीय संस्थालाई सवल र सक्षम रुपमा सञ्चालनका लागि विद्यमान पुँजी वृद्धि गर्न ।

**हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

**हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ ।**

| विवरण | रकम (रु.) |
|---|---|
| तरलता व्यवस्थापन अन्तर्गत बैंक मौज्दात | २,५०,००,००० |
| कर्जा लगानी | २१,५०,००,००० |
| शाखा विस्तार | १,००,००,००० |
| **जम्मा** | २५,००,००,००० |

**(र)	हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु माफर्त निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिन भित्र सम्पूर्ण हकप्रद शेयर विक्री नभएमा हकप्रद शेयर विक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ वमोजिम बोर्डलाई अग्रिम जानकारी दिई यस वित्तीय संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल)	हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| क्रम | स्थानहरु |
|---|---|
| १. | काठमाण्डौं क्यापिटल मार्केट लिमिटेड काठमाण्डौ प्लाजा, कमलादी, काठमाडौं |
| २. | सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड :<br>**काठमाडौ उपत्यका भित्र :**<br>वित्तीय संस्थाको प्रधान कार्यालय का.म.न.पा. वडा नं. २८, दरवारमार्ग,घण्टाघर काठमाण्डौ<br>**काठमाडौ उपत्यका बाहिर : शाखा कार्यालय**<br>(१) गाइघाट,उदयपुर(२) विर्त्तामोड, झापा |
| ३. | आश्वाको सदस्य लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको विक्री वन्द हुनुभन्दा अघिको मितिमा काठमाण्डौ क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा काठमाण्डौ क्यापिटल मार्केर्ट लिमिटेड, काठमाण्डौ प्लाजा, कमलादी, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयर विक्री बन्द भएको ७ दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री काठमाण्डौ क्यापिटल मार्केट लिमिटेडको वेबसाइट www.kcml.com.np तथा

निष्काशनकर्ता सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडको वेबसाइट **www.cityexpressfinance.com.np** बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडको वेवसाइट www.cityexpressfinance.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.kcml.com.np बाट हेर्न सकिनेछ ।

**निष्काशन बैंक** ( Bankers to the Issue )**को नाम तथा ठेगाना:**

यस **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा निम्न बमोजिम रहेका छन ।

| **क्र.सं.** | **निष्काशन बैंकको नाम** | **ठेगाना** |
|---|---|---|
| १. | बैंक अफ काठमाण्डौ लिमिटेड | कमलादी,काठमाण्डौ |

(व) **आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । यसकम्पनीले मिति २०७४/११/१५ मा आ.व २०७२/२०७३ सम्मका विवरणहरु पेश गरी कम्पनी रजिष्ट्रारको कार्यलयबाट कम्पनी अद्यावधिक पत्र प्राप्त गरेको छ ।साथै वित्तीय संस्थाका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानुनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य समेत नरहेको उद्घोषण पनि गर्दछ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण:**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालमा स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी केयर रेटिङ्ग नेपाल लिमिटेड,कान्तिपथ,काठमाण्डौले मिति २०७५/०२/०४ गते कमजोर आधारहरु (Poor Fundamentals) जनाउने" CARE-NP IPO Grade 5"ग्रेडिङ्ग प्रदान गरेको छ ।केयर रेटिङ्ग नेपाल लिमिटेडले १ देखि ५ स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २,३,४ मा प्रदान गरिने + (Plus) चिन्हले त्यस समूहको तुलानात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

(श) **पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिमबजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,**

यस वित्तीय संस्थाको विगत तीन आर्थिक वर्ष (२०७१/७२,२०७२/७३ र २०७३/७४) को शेयर कारोवारकोविवरण: उक्त अवधिमा साबिक संस्था समस्याग्रस्त अवस्थामा रहेकोले कुनै पनि शेयरको कारोवार नभएको ।

**पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण**

| महिना | अधिकतम शेयर मूल्य रु | न्युनतम शेयर मूल्य रु | अन्तिम शेयर मूल्य रु | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| बैशाख २०७५ | २०६ | १८७ | १८९ | २६ |
| जेष्ठ २०७५ | २०१ | १८६ | १९० | १६ |
| आषाढ २०७५ | १९३ | १८६ | १८६ | ४ |

**नोट :**वित्तीय संस्थाको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

(ष) **यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| क्र.स | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र टण्डन (सर्वसाधारण समुह) | अध्यक्ष | |
| २ | श्री रबिन्द्र बहादुर बुढाथोकी (सस्थापक समुह) | सञ्चालक | |
| ३ | श्री संदिप शर्मा (सर्वसाधारण समुह) | सञ्चालक | |
| ४ | श्री ऋषि राम पौडेल (सस्थापक समुह) | सञ्चालक | |
| ५ | श्री अंजेश कोइराला (सस्थापक समुह) | सञ्चालक | |
| ६ | श्रीमति प्रभा पाण्डे (स्वतन्त्र) | संचालक | |

(स) **निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।